म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २८५ मंगलबार १० जेठ २०७९ ने. सं. ११४२ वछलाथ्व 24 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**पखालाबाट बचौं र बचाऔं ।**

**पखाला लाग्न नदिन.**

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं,
- शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं,
- खना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं,
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं,
- बासी, सडेगलेका र भिंगा भन्किएका खानेकुरा नखाऔं,
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं,
- घरका कोठा, आँगन, कौशी, वरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## अतिविपन्न १५४१ परिवारलाई नि:शुल्क बिमा, बिजुली र पानी

साझाकुरा संवाददाता

हेटौंडा ९, जेठ/ राजनीतिक दलहरुले निर्वाचन जित्न मतदाताहरुलाई अनेकौं सपना बाँडेर कार्यान्वयन नगरेको सुनेका छौं ।

३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा पनि दलहरुले अनेक सपना बाँडेर मत मागेका थिए । हेटौंडाको मेयर र उपमेयरमा उम्मेदवारी दिएपछि गठबन्धनले मतदातामा नि:शुल्क बिजुली, खानेपानी, बिमा गरिदिने प्रतिबद्धता राखेको थियो । गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)की मिनाकुमारी लामाले मेयर र नेपाली कांग्रेसका राजेश बानियाँले उपमेयरमा निर्वाचन पनि जिते ।

अन्तिम मतपरिणामले गबठन्धनका उम्मेदवारको विजय निश्चित भएपछि सामजिक सञ्जालमा नि:शुल्क बिजुली र पानीलाई लिएर निकैं टिक्का टिप्पणीपनि भएका थिए ।

नि:शुल्क बिजुली र पानी दिन सम्भव कसरी भन्दै सामाजिक सञ्जालमा कतिपयले प्रश्नपनि उठाएका थिए । तर, ती सबैको जवाफ सोमबार नवनिर्वाचित मेयर लामाले दिएकी छन् । हेटौंडा उपमहानगरपालिकाको मेयरमा पदभार सम्हालेसँगै लामाले पहिलो निर्णय गर्दै नगरभित्रका अतिविपिन्न घरपरिवारलाई नि:शुल्क स्वास्थ्य बिमा, बिजुली र पानी दिने निर्णय गरेकी छन् । सोमबार बिहान मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले उपमेयर लामालाई सपथ गराएका हुन् ।

लामाले उपमेयर बानियाँसहित १९ वटै वडाका वडा अध्यक्ष र वडा सदस्यहरुलाई पद तथा गोपनीयताको सपथ गराएकी छन् । सपथग्रहण कार्यक्रममा बोल्दै मेयर लामाले हेटौंडालाई समृद्ध नगर बनाउन सबैको सहयोग आवश्यक रहेको बताएकी छन् ।

चुनावमा पराजित भएकाहरुले पनि जितेको महसुस गर्नका लागि आग्रह गर्दै उनले भनिन्, 'प्रतिपक्षी दलको घोषणापत्र र हाम्रो घोषणापत्रलाई लिएरसँगै काम गर्छौं ।,' कार्यक्रममा उपमहानगरपालिकाका निवर्तमान मेयर हरिबहादुर महतले हेटौंडामा निर्वाचित सबै जनप्रतिनिधिहरुलाई बधाइ ज्ञापन गरे ।

पाँच वर्षसम्म नगरको सेवा गर्ने अवसर प्रदान गरेकोमा उनले नगरवासीलाईसमेत धन्यवाद दिए । कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, संविधानसभाका सदस्य प्रल्हाद लाम्छ्ने, गोविन्दराम चेपाङ, शेरबहादुर पहरी, प्रदेशसभा सदस्य मुनु सिग्देल, प्रेमबहादुर पुलामीलगायतको आतिथ्यता थियो ।

श्रेष्ठबाट पद तथा गोपनीयताको सपथ लिएपछि लामाले पाँच बुँदे लोकप्रिय निर्णय गरेकी हुन् । मेयर लामा र उपमेयर बानियाँले सपथ खाएपछि पदभार सम्हाल्नु अघि हेटौंडा-११ मा रहेको सह्दि स्मारकमा पुगेर सहिदहरुको प्रतिमामा माल्यापर्ण गर्दै उपमहानगर पालिका आएकी थिइन् । गत निर्वाचनमा उपमेयर भइसकेकी लामाले आफूलाई पाँच वर्षको अनुभवले काम गर्न सहज हुने बताउँदै आएकी थिइन् ।

जनताको मनोभावना बुझेकी लामाले पहिलो निर्णय नै नगरबासीको हितमा गरेकी छन् । पहिलो महिला मेयरका रुपमा निर्वाचित भएकी उनले पहिलो चरणमा नगरभित्रका अतिविपन्न १ हजार ५ सय ४१ घर परिवारलाई नि:शुल्क स्वास्थ्य बीमा गरिदिने, मासिक १५ हजार लिटर खानेपानी र २५ युनिट बिजुली नि:शल्क उपलब्ध गराउने निर्णय गरेकी हुन् ।

आर्थिक अवस्थाका कारणले शिक्षा हासिल गर्नबाट बञ्चित विद्यार्थीहरुलाई प्रोत्साहन र सौहुलियत दिन 'मेयर छात्रवृत्ति कार्यक्रम' सञ्चालन गर्ने निर्णय गरिएको लामाले जानकारी दिइन् ।

महिला जागरण समूहमार्फत लैंगिक हिंसाविरुद्धका अभियानहरु सञ्चालन गर्दै पीडित, प्रभावित महिला तथा बालबालिकाका लागि अल्पकालिन आश्रयस्थल (सेफ हाउस)मार्फत प्रभावकारी पुन:र्स्थापनाको कार्य गर्ने निर्णय भएको छ । लामाले सडक निर्माण गर्दा सडकको बीचमै रहेका विद्युतका पोलाई किरानामा स्थापना गर्ने निर्णयपनि गरेकी छन् ।

**जनप्रतिनिधिले लिए सपथ**

हेटौंडा, ९ जेठ/३० वैशाखमा भएको स्थानीय तह निर्वाचनबाट विजयी भएका हेटौंडा उपमहानगरपालिकामा नवनिर्वाचित जनप्रतिनिधिहरुले सपथ लिएका छन् । पल्पसा सभाहलमा आयोजित कार्यक्रममा मकवानपुरका मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले उपमहानगरपालिकाका मेयर लामालाई सपथ गराएका हुन् ।

लामाले उपमेयर बानियाँसहित १९ वटै वडाका वडा अध्यक्ष र वडा सदस्यहरुलाई पद तथा गोपनीयताको सपथ गराएकी छन् । सपथग्रहण कार्यक्रममा बोल्दै मेयर लामाले हेटौंडालाई समृद्ध नगर बनाउन सबैको सहयोग आवश्यक रहेको बताएकी छन् ।

चुनावमा पराजित भएकाहरुले पनि जितेको महसुस गर्नका लागि आग्रह गर्दै उनले भनिन्, 'प्रतिपक्षी दलको घोषणापत्र र हाम्रो घोषणापत्रलाई लिएरसँगै काम गर्छौं ।,' कार्यक्रममा उपमहानगरपालिकाका निवर्तमान मेयर हरिबहादुर महतले हेटौंडामा निर्वाचित सबै जनप्रतिनिधिहरुलाई बधाइ ज्ञापन गरे ।

पाँच वर्षसम्म नगरको सेवा गर्ने अवसर प्रदान गरेकोमा उनले नगरवासीलाईसमेत धन्यवाद दिए । कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, संविधानसभाका सदस्य प्रल्हाद लाम्छ्ने, गोविन्दराम चेपाङ, शेरबहादुर पहरी, प्रदेशसभा सदस्य मुनु सिग्देल, प्रेमबहादुर पुलामीलगायतको आतिथ्यता थियो ।

## हवाई भाडा बढ्यो

काठमाडौं/नेपाल आयल निगमले आन्तरिकतर्फको हवाई इन्धनको मूल्यवृद्धि गरेसँगै हवाई भाडा बढेको छ । नेपाल वायु सेवा सञ्चालक संघले बुधबारदेखि लागू हुने गरी नयाँ भाडादर सार्वजनिक गरेको छ । नयाँ भाडादरमा ९० देखि ४४५ रुपैयाँसम्म वृद्धि भएको छ । सबैभन्दा लामो दूरीका रुपमा रहेको काठमाडौं-धनगढीको भाडा ४४५ बढेको छ ।

वृद्धि भएको भाडादर अनुसार काठमाडौं-सिमराको भाडा तीन हजार ७५५ कायम भएको छ भने काठमाडौं-धनगढी १५ हजार ६६५ रुपैयाँ कायम भएको छ । काठमाडौं-भक्तपुर ११ हजार ९३५, काठमाडौं-विराटनगर नौ हजार ३२५, काठमाडौं-जनकपुर पाँच हजार २५०, काठमाडौं-भरतपुर चार हजार ४३५ र काठमाडौं-पोखरा छ हजार ३०५ कायम भएको छ । काठमाडौं-भैरहवा सात हजार ८८०, काठमाडौं-नेपालगञ्ज १२ हजार ८९५ र काठमाडौं-तुम्लिङटार सात हजार ४६० कायम भएको छ ।

माउन्टेन फ्लाइटको भाडादर १३ हजार ७६५ रुपैयाँ कायम भएको संघले जनाएको छ । नेपाल आयल निगमले आइतबार हवाई इन्धनको मूल्यमा प्रतिलिटर १० रुपैयाँ वृद्धि गरेको थियो । -स्रोत: इकान्तिपुर

## बजेटका लागि सुझाव लिँदै कृषि मन्त्रालय

साझाकुरा संवाददाता

हेटौंडा ९, जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेट निर्माण गर्ने तयारीलाई तीव्रता दिएको छ । सरकारले बजेट ल्याउन तयारी अगाडि बढाएको हो ।

सम्बन्धित क्षेत्रका विज्ञहरुको सुझावका आधारमा बजेटका लागि प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सुझाव संकलन गरिरहेको छ ।

मन्त्रालयले मन्त्री, राज्यमन्त्री र कर्मचारीहरुको तरिकाबाट बजेट बनाउनु भन्दा विज्ञहरुको सल्लाहमा उपयुक्त बजेट तयार गर्नु उपयुक्त ठानेकाले सुझाव संकलन गरिएको मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेले जानकारी दिए ।

'विभिन्न क्षेत्रका विज्ञका सुझावका आधारमा बजेट निर्माण गर्दापछि कार्यान्वयनमा पनि सजिलो हुने भएकोले सुझाव संकलन गरिरहेका छौं ।,' सचिव पाण्डेले भने । सोमबार मन्त्रालयले आगामी वर्षको योजना तर्जुमा निर्माण गर्नका लागि त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्व विद्यालय, कृषि तथा पशु विज्ञान विश्वविद्यालय र नेपाल कृषि अनुसन्धान परिषद्सँग अन्तर्क्रिया गरेको छ । कार्यक्रममा सहभागीहरुले बजेटमा समेट्नुपर्ने विषयहरु औंल्याएका छन् । मन्त्रालयले मकवानपुर र चितवनका पोल्ट्री क्षेत्रका किसान, दुग्ध उत्पादक किसानहरु, कृषि क्षेत्रका संघसंस्था, राष्ट्रिय कृषक महासंघ, नेपाल भेटेनरी संघ, केरा उत्पादक संघ, नेपाल मौरी पालक महासंघ, नेपाल च्याउ उत्पादकलगायतसँग अन्तर्क्रिया गरी सुझाव संकलन गरिएको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताए ।

कार्यक्रममा प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाईं, राज्यमन्त्री इन्द्रमाया गुरुङ, सचिव डा. पाण्डे, कृषि विकास निर्देशनालय हेटौंडाका निर्देशक र विन्द्र बहादुर प्रधानलगायतको उपस्थिति थियो ।

## थाहाबाट ४ सय २२ किलो गाँजा बरामद

साझाकुरा संवाददाता

हेटौंडा ९, जेठ/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाबाट प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ ।

थाहा-३ बायोखोलास्थित डाँडाबास-पालुडबाट प्रहरीले ४ सय २२ किलो लागूऔषध गाँजा बरामद गरेको हो । आइतरबार इलाका प्रहरी कार्यालय पालुडबाट खटिएको प्रहरी टोलीले सडक किनारमा रेकिराखेको ना ६ ख ३२४३ नम्बरको मिनि ट्रक जाँच गर्दा गाँजा फेला परेको हो । प्रहरीका अनुसार ट्रकमा १४ वटा बोराभित्र टेपले बेरी प्लाष्टिकको डोरीले बाधिएको २८ प्याकेट (४ सय २२ केजी) लागूऔषध गाँजा बरामद गरेको जनाइएको छ । गाँजासहित मिनि ट्रक बरामद भएपनि लागूऔषध ओसारपसारमा संलग्न हुलेलाई प्रहरीले पक्राउ गर्न सकेको छैन् । भारत निकासी गर्न लाणिएको गाँजासहित प्रहरीले गाडी नियन्त्रणमा लिएपनि तस्करीमा संग्लनलाई समात्न नसकेको हो । ट्रक प्रहरीको नियन्त्रणमा रहेको र आवश्यक अनुसन्धान भईरहेको मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । ओसार पसारमा संलग्न व्यक्तिहरुको खोजी भइरहेको उनले बताए । गाँजा ल्याएको भन्ने सूचनाको आधारमा प्रहरीले चेक प्वाइन्ट खडा गर्ने बित्तिकै गाडिबाट गाँजा ओसार्नेहरु फरार भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## लागूऔषधसहित ३९ वर्षीय युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा ९, जेठ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले ३३ बोतल लागूऔषध वनरेक्ससहित ३९ वर्षीय एक युवकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१ स्वर्गलोकस्थित डेरा गरी बस्ने ३९ वर्षीय रामकृष्ण लोलाई लागूऔषध वनरेक्ससहित पक्राउ गरिएको हो ।

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ४ घर भई डेरामा बस्दै आएका उनलाई कोठाको पलाङ मुनी लुकाएर राखेको अवस्थामा लागूऔषध वनरेक्स ३३ बोतलसहित नियन्त्रणमा लिइएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

YADEA e-SCOOTERS

GRAND OPENING

**Offer**
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# अब बजेट बनाउन लागौं

२०७९ को स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । स्थानीय तहको चुनाव सकिएसंगै आगामी वर्षको बजेट बनाउने तयारीमा नवनिर्वाचित जनप्रतिनिधिहरु त्यसतर्फ केन्द्रित हुन थालेका छन् । चुनाव जित्न आ-आफ्नो पार्टीको तर्फबाट जारी गरिएको घोषणा पत्र अनुसार बजेट बनाउन जनप्रतिनिधिहरु लागिरहेका छन् । मकवानपुर जिल्ला सदरमुकाम तथा बागमती प्रदेशको एकमात्र उपमहानगरपालिका हेटौंडाको बजेट कस्तो बन्ला भन्ने आमजनतामा चासो भइरहँदा नयाँ जनप्रतिनिधिहरुले नयाँ बजेट बनाउने तयारीमा जुटिसकेको बुझिएको छ । नगरसभाको तयारी भइरहँदा आम जनताको चासोका विषय के के समेटिने हो भन्ने विषयले आमनगरबासीमा चासो थपिएको छ । साउन १ गतेबाट सुरु हुने नयाँ आर्थिक वर्षका लागि असार १० गतेसम्म सबै स्थानीय तहले गाउँ/नगरसभामा बजेट पेस गर्नुपर्ने संवैधानिक व्यवस्था छ । त्यसमा हेटौंडाको बजेट कस्तो आउला भन्ने आम नगरबासीको चासो थपिएको छ । यसअघि निरन्तर निर्वाचित नेकपा एमालेको नेतृत्व हुँदा बनेको बजेट र अब गठबन्धन सरकारले बनाउने बजेटबीच के कस्तो अन्तर होला भन्ने विषय चासोको रुपमा रहेको छ ।

नयाँ आर्थिक वर्षको नीति, योजना, कार्यक्रम तथा बजेट पारित गराउन स्थानीय तहका जनप्रतिनिधिहरु अब क्रियाशील हुन्छन् । गाउँ, टोल, बस्तीका समस्या तथा मागहरु समेट्दै आवश्यक योजना तथा बजेट तयार पार्नु सहज हुँदैन । संविधानले स्थानीय तहलाई धेरै अधिकार दिएपछि स्थानीय तहले आफ्नो बजेट आफैं बनाउने अवसर आएको हो । स्थानीय तहको आन्तरिक आय तथा केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई समावेश गरी स्थानीय तहहरुले नयाँ आर्थिक वर्षको बजेट तयार गरी पारित गराउने क्रम चलिरहेको छ । मुलुक संघीयतामा गएसँगै विगतका स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भएका छन् । साविकका धेरै गाउँ विकास समितिको सट्टा सिमिति गाउँ/नगरपालिका बनेका छन् । संविधानले गाउँसभा तथा नगरसभाको व्यवस्था गरेको छ । स्थानीय तह निर्वाचनपछि देशभरका ७ सय ५३ वटै स्थानीय तहमा गाउँ/नगर सभा गठन भइसकेका छन् । मकवानपुर जिल्लामा पनि एउटा उपमहानगर पालिका, एउटा नगरपालिका र ८ वटा गाउँपालिकाले आगामी आर्थिक बर्षको बजेट गाउँ/नगरसभामा पेश गर्ने तयारीमा छन् । नवनिर्वाचित जनप्रतिनिधिमध्ये कतिपय पुराना छन् भने कतिपय नयाँ जनप्रतिनिधि छन् । पुराना प्रतिनिधिले सहजै नयाँ योजना नीति तथा कार्यक्रम तयार गर्न सक्छन् भने नयाँ जनप्रतिनिधि विशेष गरी वडा अध्यक्षहरुलाई बजेट बनाउन समस्या हुन सक्छ । त्यस्ता प्रतिनिधिहरुलाई बजेट बनाउन सहजीकरण गर्न सहयोग गर्नु पर्दछ ।

संविधानले स्थानीय सरकारको रुपमा गाउँ तथा नगर कार्यपालिकाको व्यवस्था गरेका कारण केन्द्र तथा प्रदेशको जस्तै स्थानीय सरकारको संरचना तयार भएको छ । यसैकारण सिंहदरबारको अधिकार स्थानीय तहमा आएको भनिएको हो । संवैधानिक व्यवस्थाअनुसारकै गाउँ/नगरसभामा बजेट पेश गरेर पारित गराउनुपर्ने बाध्यताका कारण गाउँ/नगरसभा चलिरहेको छ । गाउँ/नगरसभाले पारित गरेको बजेट र गाउँ/नगर कार्यपालिकाले सञ्चालन गर्ने कार्यक्रममा सक्रिय सहभागिता जनाएर स्थानीय तहलाई प्रभावकारी बनाउन आमनागरिकको महत्वपूर्ण भूमिका रहन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५९८४१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ ११ गते मंगलबार २५ अप्रिल २०२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | तुला | : महत्वपूर्ण भेटघाट हुनेछ |
| वृष | : रमाइलो यात्राको योग परेको छ | वृश्चिक | : उपहार हात लाग्नसक्नेछ |
| मिथुन | : नचिताएको काम सम्पन्न हुनेछ | धनु | : मानसिक तनाव बढ्नेछ |
| कर्कट | : राम्रो समाचार सुन्न पाइनेछ | मकर | : मनमा छट्पटि बढ्नेछ |
| सिंह | : घरेलु समस्याले सताउने देखिन्छ | कुम्भ | : शत्रु पराजय हुनेछ |
| कन्या | : अध्ययन अध्यापनमा गडबडी हुनेछ | मीन | : बुद्धि र पराक्रम बढ्नेछ |

# शिक्षण संस्थाहरुमा आइतबारे बिदाको नकारात्मक सन्देश र वास्तविकता

✍ रमेश प्रसाद लामिछाने
हेटौंडा

१. नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७९ वैशाख २८ गतेको सार्वजनिक बिदा र शैक्षिक सत्रको व्यवस्थापन सम्बन्धमा प्रकाशित सूचना बमोजिम नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७९ वैशाख १३ मा परिक्षणको रुपमा मिति २०७९ जेठ १ गतेबाट लागु हुने गरि शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय भएकाले सो निर्णय कार्यान्वयनको सन्दर्भमा निम्न अनुसार विद्यालयहरुले वार्षिक शैक्षिक क्यालेण्डर तयार गर्न निर्देशन गरिएको भनिएको छ ।

क. विद्यालयहरुले साविक बमोजिम नै विहान १०.० बजे देखि अपरान्ह ४.० बजेसम्म पठनपाठन संचालन गर्ने ।

ख. शुक्रबार पनि विहान १०.० बजे देखि अपरान्ह ४.० बजेसम्म पठनपाठन संचालन गर्ने ।

ग. तोकिएको पाठ्यघण्टा र कार्यघण्टामा नघट्ने गरि हिउँदे वा वर्षे विदाबाट कटाई बढीमा ३० दिन सम्म मात्र एकै पटक वा पटक पटक गरि बिदा दिन सकिने गरी स्थानीयतहले बिदा समायोजन गर्ने ।

२. उल्लेखित निर्देशन बमोजिम शैक्षिक क्यालेण्डर बनाउँदा यो तालिका विश्लेषण गर्नु राम्रो होला कि-

| महिना | शनिबार | आइतबार | खुल्ने दिन | अन्य विदा | जम्मा विदा | परीक्षा | पढाई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख | – | – | – | – | – | – | – | – |
| जेठ | ४ दिन | ५ दिन | १७ दिन | १ दिन | १० दिन | – | १० दिन | भर्ना साता |
| असार | ५ दिन | ४ दिन | २३ दिन | – | ९ दिन | – | २३ दिन | – |
| श्रावण | ४ दिन | ५ दिन | ११ दिन | १ दिन | १० दिन | – | ११ दिन | १० दिन विदा |
| भाद्र | ४ दिन | ४ दिन | २० दिन | ३ दिन | ११ दिन | ८ दिन | १० दिन | त्रैमासिक |
| असोज | ५ दिन | ५ दिन | ४ दिन | ७ दिन | १७ दिन | – | ४ दिन | १० दिन र दशैं समेत |
| कार्तिक | ४ दिन | ४ दिन | १७ दिन | ५ दिन | १३ दिन | – | १७ दिन | तिहार समेत |
| मंसिर | ४ दिन | ४ दिन | २० दिन | १ दिन | ९ दिन | – | २० दिन | उधौलि |
| पौष | ५ दिन | ४ दिन | २० दिन | १ दिन | १० दिन | ८ दिन | १० दिन | अर्धवार्षिक |
| माघ | ४ दिन | ५ दिन | ८ दिन | २ दिन | ११ दिन | – | ८ दिन | १० दिन विद |
| फागुन | ४ दिन | ४ दिन | १८ दिन | ३ दिन | ११ दिन | – | १८दिन | |
| चैत्र | | | | | | | | परीक्षा |
| जम्मा | ४३ दिन | ४४ दिन | १५८ दिन | २४ दिन | १११ दिन | १६ दिन | १३१ दिन | |

३. चालु शैक्षिक सत्र २०७९ को शैक्षिक वर्ष जेठ देखि चैत्र सम्म जम्मा ११ महिना हुने सरकारी निर्णय यस अघि नै बाहिर आईसकेकाले सो स्मरण गर्नै पर्ने हुन्छ ।

४. वर्षे वा हिउँदे बिदा ५० दिनबाट कटौती गरी ३० दिन सम्म मात्र बिदा दिन भनिएकाले माथिको तालिकामा श्रावण, असोज र माघमा दश दश दिन भनिएकोलाई वर्षातको अवधिमा र दशैं तिहार जोड्न चाहनेहरुका लागि असोजमा दश दिन अनि पौषको अन्त तथा माघको शुरुमा दश दिन संकेत गरिएकोलाई हालको प्रचलन जस्तै वर्षा र ठण्डीकालसंगै चाडपर्वलाई मध्यनजर गरी शिक्षालय रहेको भूगोलको वातावरण अनुकूल हुनेगरी उक्त तिस दिन बिदा मिलाउन सक्ने व्यवस्थालाई सरकारी निर्णयले लचिलो सन्देश दिएको बुझिन्छ ।

५. विद्यालयस्तरमा त्रैमासिक र अर्धवार्षिक दुईवटा निर्माणात्मक र सत्रको अन्तमा लिईने वार्षिक परीक्षा निर्णयात्मक गरी कूल तिनवटा परीक्षालाई भाद्र, पौष र चैतको शुरु हप्तामा संचालन गरिनु उपयुक्त बन्न सक्ने देखिन्छ ।

६. चैत्र महिनालाई वार्षिक परीक्षा लगायत एसईई समेतको परीक्षा भएकाले यो महिनामा पढाई गर्न सकिन्न । बाँकी दश महिनामा शनिवार, आईतवार र चाडपर्व समेत गरी जम्मा दिन १११ दिन बिदा हुने अनि शिक्षण संस्था खुल्ने दिन १५८ हुँदा यसैभित्र १६ दिन परीक्षाका दिन र दुई वटा परीक्षा तयारीका २/२ गरी जम्मा ४ दिन संगै भर्ना साताको ७ दिन समेत २७ दिन घटाएर अध्ययन अध्यापन हुने दिन १३१ दिन मात्र बाँकी हुन्छ । जबकि यस अघि शिक्षा मन्त्रालयले विद्यालयहरु कम्तिमा पनि २२० दिन खुल्ने पर्ने र १९२ दिन पढाई हुनैपर्ने भन्दै आएको थियो । यी दिनहरुको निर्धारणमा हिसाब गरेर हेर्दा साताम २ घण्टा उक्त २० दिनको मेकअप गर्न भनिएको हुनसक्छ ।

७. पाठ्यक्रमले निर्धारण गरेको क्रेडिट आवर ५ भएका हरेक विषयहरुको वार्षिक वर्किङ्ग आवर ३२X५=१६० घण्टा हुन्छ । यहि हिसावले क्रेडिट आवर ४ भएका हरेक विषयहरुको वार्षिक वर्किङ्ग आवर ३२X४=१२८ घण्टा र क्रेडिट आवर ३ भएका हरेक विषयहरुको वार्षिक वर्किङ्ग आवर ३२X३=९६ घण्टा हुन्छ ।

जबकि माध्यमिक तह कक्षा ९ र १०मा कक्षागत वार्षिक क्रेडिट आवर ३२ र जम्मा कार्यघण्टा १०२४ निर्धारण गरिएको छ । त्यस्तै आधारभूत तहको कक्षा ६-८ मा वार्षिक क्रेडिट आवर २८ र कार्यघण्टा ८९६ भनिएको छ । विद्यालय १० बजे देखि ४.० बजे सम्म खुल्दा एक दिनमा छ घण्टा र एक हप्तामा ३० घण्टा खुल्दछ । दैनिक छ घण्टाको अवधि भित्र प्राथना समय १५ मिनेट र हाफ टाईम अर्थात खाजा समय ३० मिनेट अनि कतै दुई घण्टिपछिको ब्रेक १५ मिनेट गरी १ घण्टा कटाएर कक्षा समय दैनिक ५ घण्टा मात्र हुन आउँछ । यो ५ घण्टा भनेको ३०० मिनेटलाई ७ विषयका ७ परियिडमा भाग लगाउँदा प्रति परियिड ४३ मिनेट देखिन्छ । यो हिसाबबाट क्रेडिट आवर ५ हुने विषयकौ वर्किङ्ग आवर १६० घण्टा अर्थात ९६०० मिनेट हुने विषयका लागि जम्मा २२३ परियिड कम्तिमा जरुरी पर्दछ । त्यस्तै क्रेडिट आवर ४ मात्र हुने विषयको पनि झण्डै १७९ परियिड हुने पर्दछ ।

८. उल्लेखित विश्लेषणलाई अध्ययन गर्ने हो भने हप्तामा २ दिन बिदा शिक्षण संस्थाहरुमा कुनैपनि कोणबाट जायज छैन । भक्तपुरले त निर्णय नै गरी आइतबारको बिदा अस्विकार गरिसकेको छ । त्यस्तै त्रिभुवन विश्वविद्यालयले पनि साताको २ दिन बिदा नगर्ने भनिसकेको छ । अन्य कतिपय पालिकाहरुले पनि आइतबारे बिदा नमान्ने चर्चा बाहिर आइरहेको छ । यही सन्दर्भमा नीजि शिक्षण संस्थाहरुले निर्णय नै गरेर आइतबार बिदा नगर्ने भन्दै बिगत झैं नियमित संचालन गरिरहेका छन् । यसो गर्दा सरकारी र गैरसरकारी शिक्षण संस्थाहरुमा सिधै हप्तामा १ दिनको फरक भएको अवस्थामा सरकारी शिक्षण संस्थाहरु घोषित रुपमै विघटन गर्ने सरकारी नियत स्पष्ट बुझिन्छ । यो असमानता तत्काल हल नगर्ने हो भने शैक्षिक क्षेत्रमा आउने संकटकै कारणबाट सरकारले थेग्नै नसक्ने मूल्य चुकाउनै पर्दछ ।

९. टाउको दुखेको निको पार्न नाइटोमा औषधी लगाउने भनाई जस्तो सवारी ईन्धनको खपत घटाउन आइतबार बिदा दिने सरकारी निर्णयमा पटकै दम छैन । सवारी चापलाई घटाउन र ईलेक्ट्रिक सवारी साधनहरुको आयातमा वृद्धि गर्दै चार्जिङ्ग स्टेशनहरु बनाउने तर्फ लाग्नुपर्नेमा यो विवादास्पद बाटो उपयुक्त होईन । सरकारी निर्णयको अवज्ञा गर्दै जब निजि क्षेत्रले अटेर गरिरहँदा यो निर्णयको ठाडै उपहास हुनु भनेको एक गम्भिर विषय बनेको छ । विदेशको उदाहरण र अभ्यासका कुराहरु गर्दा त्यहाँको सरकारी निर्णयको गैरसरकारी क्षेत्रबाट समेत प्रभावकारी कार्यान्वयन अनि शिक्षामा सो अनुशारका तहगत विषयगत पाठ्यक्रम निर्माण र दैनिक कार्यघण्टाको अवधि जस्ता सतहमै देखिने पक्षहरुको पनि विश्लेषण जरुरी पर्दछ । अरु घोडा चढेको देखेर धुरी चढ्ने उखान यहाँ पनि स्मरणीय छ भन्नै पर्दछ ।

१०. अन्तमा, बिगत दुई वर्ष कोरोना महामारीले हाम्रो शिक्षालाई एक दशक पछाडि धकेलेको तथ्य स्विकार्नै पर्दछ । यस वर्षको शुरुआतमै यो आइतबारे बिदा शिक्षामा नयाँ र थप हानीकारक बनिरहेको छ । अझ स्थानिय निर्वाचनको कारण देखाएर निशुल्क पाठ्यपुस्तक छपाई बिलम्ब भै सकेको छ । शैक्षिक सत्र शुरु भएको एक हप्ता बितिसक्दा पनि बजारमा किताबको पत्तो छैन । संगै स्थानिय निर्वाचन, प्रदेश र संघको निर्वाचन पनि यसै वर्ष भैरहेकाले पार्ने प्रभावलाई सुक्ष्म विश्लेषण गरिएन भने शैक्षिक क्षतीले यो दशक नै राष्ट्रलाई सकस र पिडामा पार्ने तथ्यमा बिमति छैन । स्थानिय सरकारमा नवनिर्वाचित पदधिकारी आइरहँदा पहिलो निर्णय नै आईतवारे बिदा अस्विकार गर्नु नै उपयुक्त म्यासेज बन्न सक्ने विषयमा पर्याप्त ध्यानाकर्षण सहितको अपेक्षा गरिएको छ ।

# के बलात्कार मुद्दामा हदम्याद जरुरी छैन ?

✍ मञ्जु मिश्र

बलात्कारमा प्रयोग भएको महिलाको योनी पनि केही दिनमा नै रिपेयर हुन्छ भने पुरुषको वीर्यको आयु त्योभन्दा पनि छोटो हुन्छ । लामो समयपछि चेक जाँच गराउनुको अर्थ मेडिकल रिपोर्ट गलत आउनु हो ।

देशमा एउटा आन्दोलन सुरु भएको छ । आन्दोलनको मुख्य एजेन्डा छ, 'बालबालिकामाथि यौनजन्य हिंसा सम्बन्धिको कसुरमा हदम्याद खारेज गर ! जहिलेसुकै उजुरी गर्ने व्यवस्था गर !' स्पोटलाइट प्यागजिनले सन् २०२० मा गरेको एक अध्ययनले नेपालमा हुने गरेका बलात्कार जन्य कसुरमध्ये सबैभन्दा धेरै ७७ प्रतिशत बलात्कार उमेर नपुगेका बालिकाहरूमाथि हुने गरेको तथ्य सार्वजनिक गरेको थियो ।

महिला पुनर्स्थापना केन्द्र ओरेकले दिएको तथ्याङ्कमा स्पोटलाइट लेख्छ- २०२० को आँकडामा सबैभन्दा धेरै ११ देखि १८ वर्षसम्मका किशोरीहरू ८६ प्रतिशत बलात्कृत भएका थिए । त्यस्तै,२ देखि १० वर्षका १३ प्रतिशत थिए । त्यसयता अर्को रिपोर्ट आएको छैन तर बाल बलात्कारको शृंखला रोकिएकै छैन ।

मुलुकी अपराध संहिता २०७४ को दफा २२० अन्तर्गतको कसुरमा हदम्यादको व्यवस्था छैन । हाडनातामा हुने बलात्कारका विरुद्ध भने जहिलेसुकै पनि उजुरी लारुछ । दफा २२० हाडनातामा करणी गर्न नहुने भन्नेमा केन्द्रित छ । तर दफा २२० बाहेक २१९ देखि दफा २२६ सम्म घटना घटेको मितिले एक वर्षसम्म उजुरी गर्न सकिने छ ।

यी दफाहरूमा हाडनाताबाहेकका जबर्जस्ती करणी, कार्यालय वा पेसागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुने, बाल यौन दुर्व्यवहार, बालयौन दुरुपयोगदेखि अप्राकृतिक मैथुनसम्म पर्छन् । यसमा कानुन अझ स्पट पार्दै भन्छ- कोही व्यक्तिलाई बन्धक बनाएर वा थुनामा राखेर वा अपहरण गरेर बलात्कार गरिएको रहेछ भने त्यस्तो क्रियाकलापबाट मुक्त भएको मितिले ३ महिना नाघ्यो भने उजुरी लाग्दैन ।

बालबालिकाको हकमा बालिग भएको एक वर्षभित्र उजुरी गर्न सकिन्छ । अहिले तर! ल्याएको विषय पनि यिनै कानुनी व्यवस्थासँग सम्बन्धित छन् । के यस्तो अपराधका सन्दर्भमा हदम्याद आवश्यक नपर्ला त ? केही दिनदेखि राजनीतिक दलका नेताहरू संसदमा हदम्याद खारेज गर्नुपर्ने भन्दै बोलिरहेका छन् । सामाजिक सञ्जालभरी सरकारलाई हदम्याद तुरुन्त खारेज गर्न दबाब सिर्जना भइरहेको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्र ऐन २०६४ तत्सम्बन्धि कसुरमा हदम्यादबारे मौन छ । यसको अर्थ हो मानव बेचबिखनसम्बन्धि कसुरमा जहिलेसुकै उजुर गर्दा उजुरी लाग्छ । यस ऐनअन्तर्गत वेश्यावृत्ति पनि पर्दछ ।

त्यसै गरी ज्यानसम्बन्धि कसुर अन्तर्गतका ज्यान मार्नेदेखि ज्यान मार्ने उद्योगसम्मका कसुरमा कसूरदार आफैं साबित भई पोलेकोमा जहिलेसुकै पनि उजुरी लाग्छ । तर उजुरी परेकोमा २० वर्ष र उजुरी नपरेको विषयमा बारदात भएको मितिले दुई वर्षसम्म मात्र हदम्याद रहन्छ । यसरी हेर्दा मानव बेचबिखन जत्तिकै जघन्य र ज्यानसम्बन्धी कसुर जत्तिकै गम्भीर मानिएको जबर्जस्तीसम्बन्धि कसुरमा भने कानुनको पावन्दी छ ।

मुलुकी अपराध संहिता २०७४ ले मानव बेचबिखन तथा ओसारपसार, ज्यानसम्बन्धि कसुर र बलात्कारजन्य कसुरलाई अनुसूची १ अन्तर्गत राखेको छ । एकै किसिमका अपराधमा हदम्याद भने भिन्नभिन्नै व्यवस्था गरिएको छ । सबैभन्दा थोरै हदम्याद जबरजस्ती करणीका लागि छुट्याइएको छ । कानुन निर्माताहरूले किन जबरजस्ती करणीमै एक वर्ष मात्रै हदम्याद राखे ? अहिले यसमा भने कतै प्रश्न गरिएको पाइएको छैन ।

***किन थोरै हदम्याद ?***

बलात्कारमा कानुनले किन थोरै हदम्याद राख्यो ? यसको एउटा उत्तर हो- बलात्कार भयो भन्ने कुरालाई पुष्टि गर्न अस्पतालको जाँच आवश्यक पर्छ । यो प्राविधिक कुरा हो । बलात्कार भएको कुराको प्रमाण मानव शरीरमा लामो समयसम्म रहिरहँदैन । बलात्कारमा प्रयोग भएको महिलाको योनी पनि केही दिनमा नै रिपेयर हुन्छ भने पुरुषको वीर्यको आयु त्योभन्दा पनि छोटो हुन्छ । लामो समयपछि यसमा चेक जाँच गराउनुको अर्थ मेडिकल रिपोर्ट गलत आउनु हो । मेडिकल रिपोर्ट नभई जाहेरी दर्खास्त दिन त मिल्छ तर अभियोग दर्ता हुँदैन ।

तर मानव बेचबिखन वा ओसारपसारको मुद्दामा त्यस्तो रिपोर्ट चाहिँदैन । अनि प्रमाणको भार पनि प्रतिवादीलाई हुन्छ । तर जबरजस्ती करणी मुद्दामा प्रमाणको भार अभियोजन गर्ने पक्षलाई दिइएको छ । ज्यानसम्बन्धि कसुरमा कि त व्यक्तिको मृत्यु भइसकेको हुन्छ कि भने गम्भीर अवस्थामा पुगेको हुन्छहजसका कारण प्रमाण संकलन गर्न प्रहरीलाई सजिलो पर्छ । तर बलात्कार मात्र यस्तो कसुर हो, जहाँ भुक्तभोगी केवल पीडित मात्र हुन्छ । यसले अरूलाई असर गरेको हुँदैन । अपराधीलाई सजाय दिलाउन मुख्य भूमिका नै प्रहरीको अनुसन्धानको हो । अनुसन्धान गर्ने प्रशस्त आधार नभएका कसुरमा मुद्दा आफैं फेल हुन्छ ।

***बलात्कार जघन्य अपराध***

बलात्कार अत्यन्त निन्दनीय, करुणाहीन र नैतिक पतन देखिने फौजदारी अभियोग हो । हाम्रो कानुनले बलात्कारी ठहर भएको मानिसलाई बढीमा आजीवन जेल सजाय हुन्छ भनी स्पस्ट तोकिदिएको छ । आजन्म जेल सजाय भोग्नुपर्ने मुद्दाका सवालमा हदम्याद किन यति थोरैं त भन्ने प्रश्न आजसम्म यसरी सडकदेखि सदनसम्म उठेकै थिएन । २०६४ सालमा हदम्यादसम्बन्धि कानुननलाई समयानुकूल बनाउन बनेको विधेयकले पनि बलात्कारसम्बन्धि हुने हदम्यादलाई बढाउन सकेन तर केही प्रावधानहरूमा पुनर्विचार भने गरेको रहेछ । तर यसले वास्तवमै हदम्यादसम्बन्धि व्यवस्थालाई चुस्त भने राख्न सकेको देखिएन ।

अर्कोतिर सदियौँदेखि बलात्कार भन्ने अपराधमा अपराधीलाई भन्दा धेरै पीडितलाई नै होच्याइको देखिन्छ । यसमा सर्वोच्च अदालतका धेरैजसो फैसला हेर्दा थाहा हुन्छ । तुफान न्यौपाने भन्छन्- सर्वोच्च अदालतले बलात्कार जस्तो अपराधलाई पीडितमाथि सामाजिक रूपमा लाञ्छना लाग्ने, चरित्रमा दाग लाग्ने, मान-प्रतिष्ठामा आँच आउने, अस्मितामा प्रश्न उठ्ने, सतित्व नाश हुनेजस्ता कारणले अपराध ठहर गरेको छ । सर्वोच्च अदालतको यस्तो न्यायिक दृष्टिकोणले बलात्कारी समाजमा शिर उठाएर हिँड्ने र पीडित मनोरोगी भएर बस्नुपर्ने बाध्यता छ । बलात्कार किन जघन्य अपराध हो ? कानुनले ठहर गरेका कारणहरूमाथि किन बहस भइरहेको छैन ?

पछिल्लो समय सर्वोच्च अदालतले वैवाहिक बलात्कारलाई पनि अपराध ठहर गर्नेदेखि बलात्कारमा न्यून रहेको हदम्याद बढाउन आदेश दिनेजस्ता फैसला गरेको छ । तर पनि बलात्कारजन्य कसुरमा हदम्याद अझै पुगेको छैन भनेर फेरि एकपट स्वस्फूर्त रूपमा मानिसहरू आन्दोलित छन् । हदम्याद सम्बन्धमा सर्वोच्च अदालतको एउटा यस्तो नजिर छ जहाँ न्यायाधीशद्वय प्रेम शर्मा र रणबहादुर बमले लेखेका छन्, 'सामाजिक परिवेश, पारिवारिक अवस्था, पीडितको चेतनास्तर, भौगोलिक विकटता, डरत्रास, द्विविधाजनक मनोविज्ञान जस्ता कारण छेकबार हुन सक्ने सम्भाव्यतालाई मनन गरी घटना घटेको ३५ दिनभित्र नालिस दिन सक्ने प्रावधानको पछाडि उपरोक्त अवस्था समेतको मनन् गरी व्यवस्थित गरिएको हुनुपर्दछ । उल्लिखित विभिन्न कारक तत्वहरूले जाहेरी दिन केही समय ढिलो हुन सक्ने कुरालाई नजरअन्दाज गर्न कदापि मिल्दैन । तसर्थ जबरजस्ती करणीको वारदात घटेको विषयमा जाहेरी दिन ३५ दिनको समय दिने गरी भएको प्रस्तुत कानुनी व्यवस्थाले पनि विविध कारण हुन सक्ने यथार्थतालाई आत्मसात गरेको पाइन्छ । यस कारण मौकामा तत्काल जाहेरी नदिनुलाई मात्र आधार मानी अपराधबाट उन्मुक्ति दिनुपर्छ भनी सोच्न कानुनसँगत हुँदैन ।'

यसले मौकामा समयमै उजुरी गर्न नआउनुलाई बलात्कार भएको होइन भन्न मिल्दैन त भन्यो तर असीमित हदम्याद हुनुपर्ने कुरालाई पूरै वेवास्ता गरीदियो । यसरी हेर्दा सबैभन्दा पहिला ३५ दिनको हदम्यादलाई बढाएर विद्यमान मुलुकी अपराधसंहिता २०७४ सम्म आइपुग्दा एक वर्ष पुगेको देखिन्छ । यो सकारात्मक हो तर पर्याप्त भने हुँदै होइन भन्ने आवाज उठ्न थालेको छ । यो सकारात्मक छ ।

***हदम्याद संशोधन***

के हुन्छ हदम्याद संशोधन भई असीमित हुन गएमा ? यो प्रश्न अत्यन्त जटिल छ । हरेक निकायमा पुगेका महिला कुनै न कुनै रूपमा यौनजन्य हिंसामा परेको तथ्यलाई स्वीकार्ने हो भने सुस्मिता रेग्मी जस्ता पीडित महिलाहरू हाम्रो समाजमा यत्रतत्र छन् । हदम्यादले उनीहरूलाई रोकेन भने यसम्बन्धि उजुरी थेग्न पूरै प्रहरी प्रशासनलाई पनि हम्मेहम्मे पर्न सक्छ । अदालतमा मुद्दाका चाङ थेगी नसक्ने गरी बढ्ने पक्का छ । नेपाल यौनहिंसा हुने देशहरूमध्ये पहिलो नम्बरमा नआउला भन्न सकिँदैन ।

यदि कानुन निर्माताहरूले उत्तेजना र भावनामा आएर जबरजस्ती कारणी सम्बन्धिको विद्यमान कानुनलाई संशोधन गरी हदम्यादलाई खारेज गरिदिने हो भने आगामी दिनमा सायद बलात्कारको घटना धेरै घट्ने कुराका कुनै शंका छैन । तर के त्यस्तो हुन सम्भव छ त ? यद्यपि कानुन पश्चातदर्षी नहुने सर्वव्यापी सिद्धान्तलाई मनन गर्दा सुस्मिताले परिमार्जित भएको कानुनबाट लाभ उठाउन नसके पनि अब हुने बाल बलात्कारका घटनामा भने यस्तो कानुनी निर्णयले अवश्य न्याय गर्नेछ । साथै जबरजस्ती करणको हकमा हदम्याद खारेजी हुन सक्यो भने त्यो कानुनको इतिहासमै ऐतिहासिक निर्णय हुनेछ ।

*लेखक अधिवक्ता हुन् । -साभारः रातोपाटी*



हेटौंडा-४ पारिजातपथको सडकमा पार्किङ्ग निषेध गरिएको क्षेत्रमा मोटरसाईकल पार्किङ्ग गरिइदै । नो पार्किङ्ग पार्किङ्ग हुँदा पनि ट्राफिक प्रहरीले कुनै कारबाही गरेन । लेखिएको स्थानमा मोटरसाईकाल

*तस्विर : सामाजिक सञ्जालबाट*

# मिस एण्ड मिस्टर सुप्रन्यासनलले देखाए ट्यालेन्ट

काठमाडौं/सौन्दर्य प्रतियोगिता 'मिस एण्ड मिस्टर सुप्रन्यासनल नेपाल २०२२' को अन्तिम स्पर्धा जेष्ठ १५ गते होटल सोल्टीमा एक समारोहका बीच आयोजना हुँदैछ । प्रारम्भिक चरणबाट छानिएका अन्तिम २० प्रतियोगी फाइनलमा शीर्ष उपाधिका लागि भिड्दैछन् ।

प्रतियोगिताको आइतबार राजधानीको ग्लोबल स्कुल अफ साइन्स, पुरानो बानेश्वरमा ट्यालेन्ट राउण्डमा आयोजना भयो । सो अवसरमा सबै प्रतियोगिताले नृत्य, अभिनय, गायन, वक्तृत्वकला, पेन्टिङलगायत विषयमा आ-आफ्नो प्रतिभा देखाए । अभिनेता पुष्प खड्का, लेखक तथा निर्देशक राज शाह, पेन्टर चिराग, गायिका सोना अमात्य, मिष्टर नेपाल सन्तोष उपाध्याय, लेखक, जयदेव गौड़ेल निर्णायक रहेको ट्यालेन्ट राउन्डका उत्कृष्ट प्रतियोगीले फाइनलमा 'ट्यालेन्ट उपाधि' प्राप्त गर्नेछन् ।

प्रतियोगितामा युवतीतर्फ सागारिका खड्का, रञ्जिता ढकाल, दृष्टि थापा, नविना बाँनिया, प्रतिभा न्यौपाने, अदीति अधिकारी, आयुषा चापागाई, कसु खड्का, प्रनिता श्रेष्ठ, एरी तुलाधर र युवक तर्फ प्रेमचन्द्र मण्डल, मानस कुमार राई, दीपेन्द्र शर्मा, रुपेश महत्तो, श्रीजन भट्टराई, सञ्जय तिमिल्सेना, सनिस श्रेष्ठ, सन्दीपकुमार शाह, सुमन सुनार, अनिस कार्की प्रतियोगी रहेका छन् ।

'मिस एण्ड मिस्टर सुप्रन्यासनल नेपाल २०२२' मिस्टर नेपाल विजेता सन्तोष उपाध्यायले पोल्याण्डबाट फ्रेन्चाइज लिएर सन्नुबी इन्टरनेसनलबाट आयोजना सुरु गरेका हुन् । उपाध्याय मिष्टर नेपाल विजेता बनेपछि 'मिस्टर सुप्रन्यासनल' मा सहभागी भएका थिए । 'मिस सुप्रान्यास्नल' पनि महिलाहरुको विश्व प्रसिद्ध प्रतियोगिताभध्ये शीर्ष ३ भित्र पर्ने गरेको छ । 'मिस एण्ड मिस्टर सुप्रन्यासनल नेपाल २०२२' विजेता पुरुषले जुलाई १५ र १६ मा पोल्याण्डमा आयोजना हुने 'मिस्टर सुप्रन्यासनल २०२२' र महिला विजेताले 'मिस सुप्रन्यासनल २०२२' मा नेपालको प्रतिनिधित्व गर्नेछन् ।

नेपालमा आयोजना हुँदै आएको सौन्दर्य प्रतियोगिताभन्दा केही भिन्न र उत्कृष्ट तरिकाले आयोजना हुने दाबी गरिएको प्रतियोगिता युवा युवतीको प्रतिभा निखार्दै उज्वल भविष्य निर्माणमा सहयोग पुऱ्याउने उदेश्यले आयोजना आयोजक थलिएको सन्तोष उपाध्यायले बताए । प्रतियोगी अहिले अन्तिम स्पर्धाका लागि पौडी, शारीरिक फिटनेस, फोटो सेसन, व्यक्तित्व विकासम्बन्धी विभिन्न प्रशिक्षणसहित लिइरहेका छन् । ४ एपिसोडको रुपमा इमेज टेलिभिजनबाट समेत प्रतियोगिता प्रसारण हुनेछ । प्रतियोगिताका लागि 'मिस्टर सुप्रान्यास्नल २०२९' विजेता भारो भार्गोस तथा कृयटिभ डिरेक्टर आन्द्रे स्लेइ पनि नेपाल आउनेछन् । -साभार: रातोपाटी

# शेर्पा समूहद्धारा उम्मेदवारी घोषणा

काठमाडौं/अखिल नेपाल फुटबल संघ (एन्फा) को आसन्न निर्वाचनका लागि कर्माछिरिङ शेर्पा समूहद्धारा उम्मेदवारी घोषणा गरेका छन् ।

राजधानीमा सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै निर्वाचनका लागि प्यानलकै घोषणा गरेको हो । अध्यक्षमा कर्माछिरिङ शेर्पले उम्मेदवारी दिएका छन् । वरिष्ठ उपाध्यक्षमा सरस्वती युथ क्लबका शिक्षित पराजुली, उपाध्यक्षमा दिर्घ बहादुर केसी (कुमार), रत्न कुमार श्रेष्ठ, उपेन्द्रमान सिंह र विज्ञानराज शर्माले उम्मेदवारी दिएका छन् ।

यस्तै सदस्यमा फ्रेण्डस क्लबका दिपक थापा, सिराहा जिल्ला फुटबल संघका अध्यक्ष प्रविण यादव, सागा क्लबका रुपेश अधिकारी, लमजुङ जिल्ला फुटबल संघका लोकेन्द्र गुरुङ, बागलुङ जिल्ला फुटबल संघका राम राजा गुरुङ, मकवानपुरका टिकाराम लामा, बाँकेका प्रदेश संह राठौर, जुम्लाका भरत गुण थापा, मछिन्द्रका टिम व्यवस्थापक अनिल श्रेष्ठ, च्यासल युथ क्लबका अध्यक्ष रमेश व्यन्जनकार, खुमलटार युथ क्लबका अध्यक्ष मणिराज विष्ट र श्री भगवती क्लबका अध्यक्ष मनिष जोशीले उम्मेदवारी दिएका छन् ।

महिला सदस्यमा अहिले उम्मेदवारी नदिएको सहमतिमै लैजाने प्रयास गरिने एन्फाका महासचिव तथा संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरले जानकारी गराए । उनले यो उम्मेदवारी घोषणा कार्यक्रममा कसैलाई जबरजस्ती नगरेको र कार्यक्रममा ५४ मताधिकार प्रतिनिधि उपस्थित रहेको बताए । उम्मेदवारी घोषणा कार्यक्रममा एन्फाका मानार्थ अध्यक्ष टासी घलेले शुभकामना सन्देश पठाएको यही टिमलाई पूर्ण सहयोग र समर्थन

गरेको जनाएको छ । यसअघि एन्फका वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्बाङले अध्यक्ष पदका लागि उम्मेदवारी घोषणा गरिसकेका छन् । फ्रेन्ड्स क्लबका राजीव पौडेलले पनि अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेका छन् । एन्फको केन्द्रिय निर्वाचन असार ६ मा हुँदैछ ।

आसन्न निर्वाचनका लागि अध्यक्षमा उम्मेदवारी घोषणा गरेपछि एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पले कोभिड महामारीका कारण सोचेअनुसार काम गर्न नपाएको स्वीकार्दै आफ्नो कार्यकालमा आफूलाई विकासको पक्षमा काम गर्न बाधा हाल्नेहरु अहिले चुनावमा पनि आफ्नो विरुद्ध लागेको आरोप लगाएका छन् ।

'महामारीको समयमा लिगलाई निरन्तरता दियौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरु आयोजना तथा सहभागिता जनायौं । यो कोभिडको समयमा हामीले ३४ अन्तर्राष्ट्रिय खेल र खेलाडीलाई १ सय २० दिनभन्दा बढी सुविधासम्पन्न होटेलमा राख्यौं ।' कर्माले पत्रकार सम्मेलनमा भने, 'यि बाहेक क्यापासिटी बिल्डिङअन्तर्गत प्रशिक्षण र रेफ्रीका कोर्स, आर्थिक नियमावली, खेलाडी दर्ता नियमावली बनायौं । अनलाईन दर्ता प्रक्रिया थाल्यां । हिजो लाइने लागेर गर्नुपर्थ्यौं । अब अनलाइनबाटै खेलाडी दर्ता हुन्छ ।'

क्लब लाइसेन्स पनि आफ्नो कार्यकालको महत्वपूर्ण उपलब्धि रहेको अध्यक्ष शेर्पले बताए । पूर्व अध्यक्ष गणेश थापालाई संकेत गर्दै अध्यक्ष शेर्पले आफूले फुटबल छाडेपछि फुटबलको विषयमा कुरै नगर्ने र आफ्नो काम गरेर बस्ने बताए । संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरले अखिल नेपाल फुटबल संघ (एन्फा)मा भएको भनिएको भ्रष्टचारको जिम्मेवार सम्पूर्ण कार्यसमिति भएको बताएका छन् ।

'एन्फामा जुन भ्रष्टचार भयो भनिरहनु भएको छ, वहाँहरु पनि कार्यसमितिमा हुनुहुन्छ, भ्रष्टाचार भए उहाँहरू पनि जिम्मेवार होइन र ?' संकटाका अध्यक्ष तुलाधरले भने । लिग च्याम्पियन मछिन्द्र फुटबल क्लबका अध्यक्ष सुनिल कपालीले कर्माछिरिङ शेर्पाको नेतृत्वपछि क्लबका सुविधा वृद्धि गर्नुका साथै लिगलाई व्यवस्थित गरेका कारण एन्फाका वर्तमान अध्यक्ष कर्माछिरिङ शेर्पाको नेतृत्वले निरन्तरता पाउनुपर्ने बताएका छन् ।

'एन्फामा भ्रष्टाचार भयो भनिरहेको छ । भ्रष्टाचार भएको भए मछिन्द्रले अहिलेसम्म पुरस्कार नै पाएको छैन । एन्फाले पुरस्कार त दिन सकिरहेको छैन, कहाँबाट भ्रष्टाचार गर्नु ? भ्रष्टाचार भएको भए प्रमाणित गर्नुपर्‍यो । नत्र कार्यसमितिमा बसेर सबै सुविधा लिने अनि चुनाव उठ्न मनगणन्ते कुरा गरेर भ्रमित पार्नु भएन ।'

कपालीले नेम्बाङ पक्षबाट उम्मेदवारी घोषणा गरेका अनुहार मथि विश्वास नरहेको पनि प्रष्ट्याए । 'त्यहाँ कस्ता कस्ता अनुहार उठेका छन् । उनीहरुले नेपालको फुटबल विकास गर्ने विश्वास गर्न सक्छ ? उनीहरुको नेपाली फुटबलमा लगानी के ? उनीहरुको लगानी नै छैन । हामीले नेपाली फुटबलमा लगानी गर्ने मानिस चाहेको हो । त्यस्ता जिल्ला र क्लब मिलेर नेपाली फुटबललाई अगाडि बढाउनुपर्छ । तर त्यहाँको अनुहार ठिक छैन ।' उनले थपे ।

नेपाली राष्ट्रिय टोलीका पूर्व कप्तान राकेश श्रेष्ठले पनि पछिल्लो पाँच वर्ष गरेको कामको आधारमा शेर्पा प्यानललाई थप एक कार्यकालका लागि जिम्मेवारी दिनुपर्ने विचार राख्ने । विगत पाँच वर्षको काम हेर्दा यो नेपाली फुटबलको गोल्डेन इरा हो । उम्मेदवार हेरेर सक्षमलाई मत दिनुहोस् । मेरो विचारमा पछिल्लो समय गरेको कामको आधारमा उहाँले थप एक कार्यकालका लागि हक राख्नुहुन्छ ।' एन्फाका उपाध्यक्ष उपेन्द्रमान सिंहले शेर्पा प्यानललाई पुन जिताउन मतदाताहरुसँग आह्वान गरे । *-साभार: हाम्रो खेलकुद*

# चितवनमा ड्रोनबाट छरियो धानमा विषादी

चितवन/चितवनको खैरहनीका किसान सूर्यबहादुर बोगटीले गत फागुनको अन्त्यतिर 'राइस प्लान्टर' मेसिन लगाएर चैते धान रोपे । उनले २ विघामा लगाएको धान हर्लक्क बढेर बाला लाग्न थालेको छ । यो बेला धानमा रोग, किरा लाग्न नदिन विषादी राख्नुपर्ने हुन्छ । बोगटीको धान खेतमा गत सालसम्म खेताला खोजेर दुई, तीन दिन लगाएर विषादी छर्ने गरिन्थ्यो । तर यसपालि उनले यो झण्झटबाट मुक्ति पाए ।

उनले दुई विघा खेतमा लगाएको धानमा ड्रोनले विषादी छरिदियो । 'जब धानमा विषादी छर्ने समय आउँछ, खेताला खोज्दैको हैरान हुन्छ । खर्च पनि उस्तै लाग्छ' बोगटीले भने, 'यसपालि ड्रोनबाट विषादी छर्दा कुनै झण्झट भएन । एकैछिनमा काम तमाम भयो ।'

उनले ड्रोनबाट विषादी छर्दा समय र खर्चको बचत भएको बताए । मेसिनको प्रयोगगरी धान रोप्ने, विषादी छर्ने र काट्ने गर्दा प्रतिविघा २० हजार रुपैयाँभन्दा बढी लागत घट्ने बोगटीले बताए ।

गत शनिबार बोगटी र खैरहनी-१४ हर्नरीका १२ किसानको करिब ३ विघा धानमा ड्रोनबाट विषादी छरिएको थियो । यहाँ जमिन चक्लाबन्दी गरेर साढे २३ विघा जमिनको ब्लक बनाइएको छ । यसको केही हिस्सा क्षेत्रलाई अहिले परीक्षणका रुपमा लिइएको छ ।

तरकारी तथा अन्नबालीमा खाद्यतत्व तथा विषादी छर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन इकाइ चितवनले एउटा ड्रोन भिऱ्याएको छ । त्यही ड्रोनले चितवनमा देशमै पहिलो पटक धान बालीमा विषादी छर्न थालेको हो ।

परियोजना कार्यान्वयन इकाइ चितवनका प्रमुख धनबहादुर थापाले ड्रोनको प्रयोगबाट विषादी छर्दा उत्पादन लागत घट्ने र धानको उत्पादन बढ्ने बताए । यसको प्रयोगले विषादीबाट मान्छेमा हुन सक्ने जोखिम पनि कम गर्ने उनले बताए । उनले परियोजना कार्यान्वयन इकाइले कृषिको आधुनिकीकरणका लागि प्रविधिको प्रयोग बढाउन काम गरिरहेको बताए ।

'कार्यालयले धान रोप्ने र काट्ने मेसिन यसअघि नै सञ्चालनमा ल्याइसकेको छ । अहिले विषादी छर्ने ड्रोनको परीक्षण गरिँदैछ,' उनले भने, 'यसैगरी धान गोड्ने लगायतका अरु प्रविधि पनि भिऱ्याउँदै जानुपर्नेछ । उपलब्धीका आधारमा किसानलाई थप मेसिन वितरण गर्दै जानेछौं ।'

उनले निर्वहमूखी कृषिलाई व्यवसायिक बनाउन यो प्रविधि महत्वपूर्ण हुने बताए । परियोजना कार्यान्वयन इकाइका सूचना अधिकारी माधव पौडेलकाअनुसार सामान्यतया किसानले हाते उपकरणबाट प्रति विघा २० ट्यांकी विषादी हाल्ने गरेकोमा ड्रोनको प्रयोग गर्दा एक ट्यांकी नै काफी हुन्छ ।

'हाते उपकरणको प्रयोग गर्दा किसान नै विषादीबाट स्वास्थ्यमा जोखिम हुनसक्छ । ड्रोनको प्रयोग गर्दा यो जोखिम हट्छ,' पौडेल भन्छन्, '२० भाँडो प्रयोग हुने ठाउँमा १ भाँडोले पुग्ने हुँदा खर्च पनि घट्छ ।' उनले अहिले किसानले एक कट्ठा बालीमा प्रयोग गर्ने गरेको विषादीले ड्रोनको प्रयोग गर्दा एक विघा जमिनलाई पुग्ने बताए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन इकाइ चितवनले यो ड्रोन पश्चिम चितवनमा सामूहिक तरकारी खेती गर्दै आएको युवा आधुनिक सामूहिक खेतीसँगको सहकार्यमा खरिद गरेको हो ।

कुल १५ लाख २५ हजार रुपैयाँ खर्च गर्दा उक्त समूहले १५ प्रतिशत खर्च व्यहोरेको छ । पौडेलले तरकारी, धान, केरा लगायतको खेतीमा ड्रोनको प्रयोग फलदायी हुने दाबी गरेका छन् ।

'धानमा यसपटकबाट सुरु गरिएको छ । यसको उपलब्धी केही समयमै देखिन्छ,' उनले भने, 'राम्रो भयो भने थप ड्रोन खरिद गरेर किसानलाई उपलब्ध गराउने तयारी छ ।' उनले केही किसान र प्राविधिकलाई ड्रोनबाट विषादी र खाद्यतत्व छर्ने तालिम दिन लागिएको बताए ।

युवा आधुनिक सामूहिक खेतीका सचिव सुमन सुवेदीले ड्रोनको प्रयोग गर्दा उत्पादन लागत खर्च घटेको अनुभूति गरेको बताए । 'विशेष गरेर लहरे बालीमा तलबाट मान्छेले विषादी राख्न गाह्रो भइरहेको थियो, माथिबाट ड्रोनले हाल्न मिलेपछि धेरै सजिलो भएको छ,' उनले भने, 'यसको प्रयोगपछि खर्च कम उत्पादन बढी भएको महसुस गरेका छौं ।' उनले १०० विघाभन्दा बढी तरकारी खेतीमा ड्रोनबाट विषादी हाल्ने तयारी भइरहेको बताए ।

खैरहनी नगरपालिकाका नवनिर्वाचित मेयर शशिकुमार खनियाले कृषिको प्रवर्धनका लागि आधुनिक प्रविधि भिर्त्याउनमा प्रयास गर्ने बताए । तरकारी तथा अन्नबाली उत्पादनमा खैरहनीले प्रगति गर्दै गएको भन्दै उनले अब नयाँ प्रविधि भिऱ्याउँदै किसानको लागत घटाउने र उत्पादन बढाउनेतर्फ केन्द्रित हुने बताए ।

खैरहनीमा जमिन चक्लाबन्दी गरेर सामुहिक खेती अभियान चलिरहेको वडा नम्बर-१३ का वडाध्यक्ष कुलप्रसाद भुषालले युवाहरु कृषि क्षेत्रमा आउन चाहिरहे पनि सरकारले प्रोत्साहन गर्न नसकेको बताए । 'सरकारी निकायले कृषिको विकासका लागि उपयोगी कार्यक्रम ल्याउन सके उनीहरु यो पेशामा टिकिराख्न सक्छन्,' भुषालले भने । *-साभार: सेतोपाटी*

# राप्रपा नेपालले गाई चुनाव चिह्न माग्ने

काठमाडौं/कमल थापा नेतृत्वको राप्रपा नेपालले आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि पार्टीको चुनाव चिह्न गाई माग गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले चुनाव चिह्न गाई माग्ने निर्णय गरेको प्रचार विभाग प्रमुख सुरेश आचार्यले जानकारी दिए । राप्रपा नेपालले स्थानीय तहको निर्वाचनमा पार्टीको तर्फबाट खडा हुने उम्मेदवारहरुलगायत राप्रपा नेपालप्रति सद्भाव देखाएर मतदान मतदातालाई धन्यवाद दिएको छ ।

यस्तै सरकारसँग पेट्रोलियम पदार्थमा गरेको अत्याधिक मूल्य वृद्धिलाई तत्काल नियन्त्रण गरी जनतालाई राहत प्रदान गर्न सरकारसँग माग गरेको छ । बैठकले राप्रपा नेपालको पार्टीको चुनाव चिह्न 'तीर' सहितको झण्डा सगरमाथाको शिखरमा फहराउने साहसी पर्वतारोही पासाङ शेर्पालाई स्व. नेता चन्द्रबहादुर गुरुङको स्मृतिमा स्थापित एक लाख रुपैयाँ नगद सहितको 'चन्द्र स्मृति विशिष्ट प्रतिभा पुरस्कार'बाट पुरस्कृत गर्ने भएको छ ।

राप्रपा नेपालले आगामी संसदीय निर्वाचनबाट पार्टीलाई राष्ट्रिय मान्यताप्राप्त दल बनाउने लक्ष्य राखेको छ । त्यसका लागि भदौ महिनाको तेस्रो हप्ता भित्र देशको सम्पूर्ण पालिकाहरुका वडामा पार्टीको ईकाई समिति गठन गर्ने पनि राप्रपा नेपालले निर्णय गरेको छ । -साभार: अनलाईनखबर

# घाँटी रेटी युवकको निर्ममतापूर्वक हत्या

बारा/बारामा एक युवकको घाँटी रेटेर निर्ममतापूर्वक हत्या गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

गत जेठ ६ गते जितपुर सिमरा उपमहानगरपालिका वडा नं.२० बसडिलवा गोठ टोल देखि करिब ५०० मिटर दक्षिणमा पर्ने कठोह खोला छेउमा बालुवामा पुरिएको अवस्थामा राजवशी पासवानको छोरा २५ वर्षीय दीपक पासवानको शव फेला परेको थियो ।

जिल्ला प्रहरी कार्यालय बारामा घटनाको सम्बन्धमा सुक्ष्म रूपमा अनुसन्धान गर्दा जेठ ३ गते राति उपमहानगरपालिकाको वडा नं.२० बसडिलवा टोल बस्ने शेख मीर हसनको छोरा वर्ष २० को शेख नवि आलम र सोही ठाउँ बस्ने शेख जैनुलको छोरा वर्ष २१ को शेख सलिम समेत पासवानको घाँटीमा धारिलो घरेलु हतियार प्रहर गरी निर्ममतापूर्वक घाटी रेटी हत्या गरेको पत्ता लागेको थियो ।

अपराधबाट बच्नको लागि मृतकको लासलाई कठोह खोला छेउमा रहेको बालुवामा पुरेर उनीहरू गाउँघर छाडेर फरार भएका थिए ।

खोजतलासको क्रममा जेठ ८ गते उनीहरूलाई पक्राउ गरेर ज्यान सम्बन्धी कसुर मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट सातको म्याद अनुमति लिई हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । -साभार: रातोपाटी

# पेरिसस्थित कतारी दूतावासका सुरक्षा गार्डको हत्या

पेरिस/फ्रान्सको राजधानी पेरिसस्थित कतारी राजदूतावासमा आक्रमण हुँदा एक जना सुरक्षा गार्डको मृत्यु भएको छ । स्थानीय समयअनुसार बिहान साढे ६ बजे दूतावासभित्र एक जना संदिग्ध व्यक्ति पसेका थिए । त्यसपछि उनी दूतावासका गार्डलाई आक्रमण गरेका थिए । आक्रमणमा परी गार्डको मृत्यु भएको फ्रान्सेली सञ्चारमाध्यमले जनाएका छन् । आक्रमण आतंकवादी घटनासँग नजोडिएको पनि प्रहरीले जनाएको छ । आक्रमणमा संलग्न एक जना व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ । कतारी राजदूतावासले ट्विट गर्दै उक्त घटना 'जघन्य र अक्षम्य' भएको बताएको छ ।

# हेटौंडाको नवनिर्वाचित जनप्रतिनिधिले लिए शपथ

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/हेटौंडा उपमहानगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूले सपथ ग्रहण गरेका छन् ।

सोमबार बिहान आयोजित कार्यक्रममा नवनिर्वाचित जनप्रतिनिधिले सपथ ग्रहण गरेका हुन् । हेटौंडा उपमहानगरपालिकाका नवनिर्वाचित मेयर मिनाकुमारी लामालाई मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए ।

सपथ ग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै नवनिर्वाचित मेयर लामाले हेटौंडालाई ५ वर्षे कार्यकालमा समृद्ध बनाउने बताएकी थिइन् । हेटौंडालाई समृद्ध बनाउन सबै तहका प्रतिनिधिहरुले आ-आफ्नो जिम्मेवारीका आधारमा निष्पक्ष ढंगबाट काम गर्नुपर्ने उनको भनाई छ ।

मेयर लामाले नवनिर्वाचित उपमेयर राजेश बानियाँलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराइन् । लामाले हेटौंडा उपमहानगरपालिकाका १९ वटै वडाका वडाध्यक्षहरुलाई पनि पद तथा गोपनीयताको सपथ ग्रहण गराएकी थिइन् । हेटौंडा-१ का वडाध्यक्ष सविन न्यौपाने, २ का वडाध्यक्ष विष्णु गोपाल महर्जन, २ का वडाध्यक्ष ढलक बहादुर थापा, ४ का वडाध्यक्ष नविन सिग्देल, ५ का वडाध्यक्ष सुशिल घिमिरे, ६ का वडाध्यक्ष विष्णुबहादुर दाहाल, ७ का वडाध्यक्ष दामोदर गौतम, ८ का वडाध्यक्ष राम थापा, ९ का वडाध्यक्ष सुकराम केसी, १० का वडाध्यक्ष फुर्वादोर्जे लामाले पद तथा गोपनीयताको सपथ लिएका छन् ।

यस्तै, ११ का वडाध्यक्ष जुना दाहाल, १२ का वडाध्यक्ष ललित घलान, १३ का वडाध्यक्ष पेम्बा लामा, १४ का वडाध्यक्ष दीपक खड्का, १५ का वडाध्यक्ष सुनिल मोक्तान, १६ का वडाध्यक्ष रामकृष्ण कोइराला, १७ का वडाध्यक्ष उद्धव सत्याल, १८ का अनिल बानियाँ र १९ का वडाध्यक्ष नरनाथ सुवेदीले पद तथा गोपनीयताको सपथ लिएका छन् । मेयर लामाले १९ वटै वडाका नवनिर्वाचित वडासदस्यहरुलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराइन् । कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, बागमती प्रदेश सभा सदस्य मुनु सिग्देल, प्रेम पुलामी, नेपाली कांग्रेस जिल्ला सभापति बुद्ध लामा, नेकपा एमाले मकवानपुरका अध्यक्ष एकलाल श्रेष्ठ र हेटौंडा उपमहानगरपालिकाका निवर्तमान मेयर हरि बहादुर महत लगायतको आतिथ्यता रहेको थियो ।

# सहकारी अस्पतालको स्थापना दिवसमा २८ जनाद्वारा रक्तदान

हेटौंडा, ९ जेठ/हेटौंडामा सोमबार भएको रक्तदान कार्यक्रममा २८ जनाले रक्तदान गरेका छन् ।

मकवानपुर सहकारी अस्पतालको १४ औं स्थापना दिवसको अवसर आयोजित रक्तदान कार्यक्रममा २८ जनाले रक्तदान गरेका हुन् । मकवानपुर सहकारी अस्पतालका प्रशासन अधिकृत रामचन्द्र रेग्मीले अस्पतालमा कार्यरत डाक्टर, कर्मचारी एवम् स्थानीयले रक्तदान गरेको जानकारी दिए ।

स्थापना दिवसको अवसरमा आज मंगलबार हेटौंडा-२ स्थित ओम वृद्धाश्रमलाई २५ हजार रुपैयाँ हस्तान्तरण गरिने उनले बताए । त्यस्तै स्थापना दिवसको अवसरमा भोलिदेखि जेठ मसान्तसम्म पूरा शरीरको जाँच गरिने रेग्मीले बताए

# भीमफेदीको जनप्रतिनिधिले गरे शपथग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/हेटौंडा मकवानपुरको भीमफेदी गाउँपालिकाको नवनिर्वाचित जनप्रतिनिधिहरुको शपथग्रहण गरेका छन् ।

सोमबार गाउँपालिकाको उपाध्यक्ष संजिव श्रेष्ठसहित वडा अध्यक्ष तथा वडा सदस्यहरुले पद तथा गोपनीयताको सपथ गरेका हुन् । उनीहरुलाई गाउँपालिकाको अध्यक्ष हिदम लामाले पद तथा गोपनीयताको सपथ गराए ।

शथपग्रहण पश्चात पदभार ग्रहण कार्यक्रममा बोल्दै अध्यक्ष लामाले वडाध्यक्षहरुलाई देशको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, देवानी तथा फौजदारी संहितासहित आवश्यक ऐन कानूनहरु पढेर मात्र काम अघि बढाउन निर्देशन दिए । अध्ययन र योजनाको आधारमा मात्र भौतिक पूर्वाधार लगायत अन्य क्षेत्रको काम अघि बढाईने लामाले बताए । पद तथा गोपनीयताको सपथ पछि पालिका उपाध्यक्ष श्रेष्ठले नेकपा एमाले, गठबन्धन दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र सहित सबै राजनीतिक दलहरुको घोषणापत्र र सपना पुरा गर्न साझा व्यक्तिको रुपमा काम गर्ने बताए । 'निर्वाचित भइसकेपछि म कांग्रेसको मात्र प्रतिनिधि हैन, सबैको भावना बुझेर युवा जोशका साथ जनताको हितमा काम गर्नेछु ।' पद तथा गोपनीयताको सपथसँगै उनले पदभार ग्रहण गरेका छन् ।

# एन्फा केन्द्रीय सदस्यमा मकवानपुरको लामाको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिका लामाले अखिल नेपाल फुटबल संघ (एन्फा)को केन्द्रीय सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन् ।

सोमबार काठमाडौंमा एन्फाको केन्द्रीय सदस्यका लागि लामाले उम्मेदवारी दर्ता गराएका हुन् । लामाले एन्फाका वर्तमान अध्यक्ष समेत रहेका कर्मा छिरिङ शेर्पाको प्यानलबाट उम्मेदवारी दिएको जनाएका छन् । उम्मेदवारी दर्ता गर्दै लामाले आफ्नो प्यानलको जित सुनिश्चित रहेको बताए । सबै जिल्लाका फुटबल संघका अध्यक्ष पदाधिकारीहरुको माया पाएको भन्दै आफ्नो प्यानलको जीत हुने लामाले दाबी गरे ।

एक महिनाअघि मात्रै लामा दोस्रो कार्यकालका लागि मकवानपुर जिल्ला फुटबल संघको अध्यक्षमा निर्वाचित भएका थिए । एन्फाको केन्द्रीय निर्वाचन आगामी असार ६ गते हुँदैछ ।

# सरकारी साधन नचढ्ने ८ नम्वर वडाध्यक्षको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/हेटौंडा उपमहानगरपालिका वडा नम्वर ८ का नवनिर्वाचित वडाध्यक्ष रामकृष्ण थापाले आफूलाई उपलब्ध हुने सरकारी साधन नचढ्ने घोषणा गरेका हुन् ।

सोमबार पदभारग्रहण गर्दै वडाध्यक्ष थापाले सरकारले आफूलाई उपलब्ध गराउने सवारी नचढ्ने घोषणा गरेका हुन् । उनले वडामा रहेको सामुदायिक विद्यालयका दुईसय ४५ विद्यार्थीहरुलाई तत्काल निशुल्क विद्यालय पोशक दिने निर्णय गरेका पनि गरेका छन् ।

पदभारग्रहणमा उनले सराकारी सवारी नचढ्ने र जेहनदार, गरिब र न्युन आय भएका र वडाभित्रको सामुदायिक विद्यालयमा अध्ययनरत दुईसय ४५ विद्यार्थीहरुलाई विद्यालय पोशाक उपलब्ध गराउने उद्घोष गरेका हुन् । वडाध्यक्ष थापा सहित अन्य ४ जना वडासदस्यलाई वडा सचिव भगवती रिमाल र कार्यालयका कर्मचारीले स्वागत तथा सम्मान गरेका थिए ।

थापा आसन्न स्थानीय तह सदस्य निर्वाचनमा एमालेका उम्मेदवारलाई पराजित गर्दै वडाध्यक्षमा निर्वाचित भएका थिए ।

# 'प्रदेश सरकारले संसदीय समितिको निर्देशन टेर्दैन'

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/बागमती प्रदेशसभा समितिका सभापतिहरुले प्रदेश सरकारले संसदीय समितिको निर्देशन नटेर्ने गरेको गुनासो गरेका छन् ।

सोमबार सिआईएनले हेटौंडामा आयाजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै समितिका सभापतिहरुले प्रदेश सरकारले आफूहरुले दिएको निर्देशन नटेर्ने गरेको गुनासो गरेका हुन् ।

प्रदेशसभाको प्रदेश मामिला संसदीय समितीका सभापति माधव पौडेलले भने 'प्रदेश सरकारको गरेको काम कारवाहीमा सल्लाह, सुझाव र निर्देशन दिन संसदीय समिति बनेको हुन्छ । तर, संसदीय समितिले दिएको निर्देशनलाई सरकारले वास्ता नै गर्दैन । 'उनले आफूहरुले समितिबाट लिखित रुपमा दिएको निर्देशन अझै मुख्यमन्त्री कार्यालयमा थन्केर मात्रै बसेको बताए ।

सरकारले संसदको समितिहरुलाई नटेर्दा आफूहरुको भूमिका प्रभावकारि रुपमा देखिन नसकेको समेत गुनासो गरे । अर्थ समितिका सभापति नच्छेत्रानारायण श्रेष्ठले समितिहरुको निर्देशनलाई सरकारले बेवास्ता गर्ने गरेको बताए ।

सरकारको कमि कमजोरी औल्याउँदै पुरा गर्नुपर्ने काम, आर्थिक शुसासन जस्ता विविध विषयमा समितिबाट दिने गरेको सुझाव र निर्देशनको सरकारले पालना नगर्ने गरेको उनको भनाई छ । उनले समितिहरुले बोलाएको बैठकमा सरकार उपस्थित पनि नहुने गरेको बताए । प्रदेशसभाको सभामुख सानुकुमार श्रेष्ठको समेत उपस्थिति रहेको कार्यक्रममा प्रदेशमा बनेका ऐक कानुन, साढे ४ वर्षमा प्रदेशसभाले गरेको काम र आगामी दिनमा गर्नुपर्ने कुराको विषयमा छलफल भएको थियो । कार्यक्रममा सहभागीहरुले सभामुख र संसदीय समितिका सभापतिहरुलाई संसदको काम, भूमिका र प्रभावकरिताको विषयमा केन्द्रित रहेर विभिन्न सवालजवाफ गरेका थिए ।

# ११ वर्षपछि एसी मिलानलाई लिग उपाधि

काठमाडौं, ९ जेठ/अन्तिम खेलमा सासोउलोलाई ३-० अन्तरले पराजित गर्दै एसी मिलानले इटालियन सिरी ए फुटबलको उपाधि जितेको छ । आइतबार रातिको जितसँगै मिलानले ११ वर्षपछि लिगको उपाधि जितेको हो । यस्तै मिलानले सिरी ए को उपाधि १९ औं पटक जित्यो । मिलानको जितमा ओलिभर जिरुडले दुई गोल गरे । यस्तै फ्रान्क केस्सीले एक गोल गरे । जितसँगै मिलानले ३८ खेलबाट ८६ अंक जोड्दै शीर्ष स्थानमा रह्यो । सासोउलो ५० अंक जोडेर ११ औं स्थानमा छ ।

# बाघको आक्रमणबाट एकको मृत्यु

चितवन, ९ जेठ/पश्चिम चितवनको बाटुली पोखरी सामुदायिक वनमा घाँस काट्न गएकी एक महिलाको बाघको आक्रमणबाट मृत्यु भएको छ ।

भरतपुर महानगरपालिका-१३ स्थित सामुदायिक वनमा घाँस काट्न गएकी स्थानीय ५२ वर्षीया फूलकुमारी बोटेको शव भेटिएको हो । उनलाई आइतबार दिउँसो २ बजे बाघले आक्रमण गरेको थियो । बाघले आक्रमण गरेपछि सो क्षेत्रमा हात्ती प्रयोग गरेर फूलकुमारीको खोजी गरिएको थियो ।

हात्तीसहितको टोलीको खोजपछि साँझ वन क्षेत्रमा उनको शव फेला परेको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिए ।

-साभार: सेतोपाटी

## घर भाडामा लिने सम्बन्धी सूचना

यस उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको कार्यालय संचालन प्रयोजनार्थ हेटौंडा उपमहानगरपालिका वडा नं. ४ मा घर भाडामा दिन ईच्छुक घरधनीले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र नागरिकताको प्रतिलिपी, जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्वीकृत नक्साको प्रतिलिपी र कर तिरेको रसिदको प्रतिलिपी समेत संलग्न राखी आफूले लिन चाहेको भाडा रकम उल्लेख गरी रु १० को टिकट टाँस गरी यस मन्त्रालयमा निवेदन पेश गर्नु हुन जानकारीको लागी अनुरोध छ । विस्तृत सूचनाका लागि यस मन्त्रालयको सूचनापाटी तथा यस मन्त्रालयको वेबसाईट www.moics.bagamati.gov.np हेर्नुहुन अनुरोध छ ।

## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रक्रयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं । स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**

हेटौंडा-८, कमाने

९८५५०६९०८६ राजेन्द्र ढकाल


## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा सानोपोखरा, मकवानपुर

९८५५०२७५१२ (अनिष वाग्ले)

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार १९ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको

**३ महिना पूरा भएपछि बुस्टर खोप**

लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा वेवसाईट www. sajhakuranews.com

साझाकुरा खोजी खोजी पढौं । दैनिक रुपमा समाचार पढौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना